# ट्रान्सपरेन्सी इन्टरनेसनल-नेपाल
# TRANSPARENCY INTERNATIONAL-NEPAL
P.O. Box 11486, 60 New Plaza Marga, Putalisadak, Kathmandu, Nepal
Tel : 4420412, 4436462 Fax : 4420412 e-mail : trans@tinepal.org
www.tinepal.org


मितिः२०६७।९।१

## प्रेस विज्ञप्ति

### नेपालमा सदाचार प्रवर्द्धन गर्न ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाललाई नर्वेजियन सरकारले सहयोग गर्ने

नेपालमा सदाचार र जवाफदेहीपन प्रवर्द्धन गर्न नर्वेजियन विदेश मन्त्रालयले ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाललाई सहयोग गर्ने भएको छ । सन् २०११ देखि २०१३ सम्ममा सञ्चालन गरिने विभिन्न क्रियाकलाप सम्पन्न गर्न आज नर्वेजियन दूतावासका मिनिस्टर काउन्सलर श्री कामिला रोजाक र ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका अध्यक्ष श्री विष्णु बहादुर के.सी. ले एक सहयोग सम्झौतामा हस्ताक्षर गर्नुभएको छ । सम्झौता अनुसार नर्वेजियन सरकारले १० लाख २० हजार क्रोनियर (करिब एक करोड ४५ लाख नेपाली रूपैयाँ) सम्म सहयोग गर्ने छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले उल्लिखित अवधिमा राष्ट्रिय सदाचार पद्धतिको अध्ययन, सरकारको भ्रष्टाचारविरोधी रणनीति तथा कार्ययोजनाको समीक्षा, संविधानमा भ्रष्टाचार नियन्त्रणका प्रावधानसम्बन्धी सुझाब, संयुक्त राष्ट्रसंघीय महासन्धीको अनुमोदनका लागि पहल, भ्रष्टाचार विरोधी संस्थाहरूको समीक्षात्मक अध्ययन, वैदेशिक सहायता नीतिको समीक्षा, आचारसंहिताको निर्माण र कार्यान्वयनको पहल, भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय दिवसको आयोजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको सभा-सम्मेलन, स्थानीय निकायलाई दिइने आर्थिक सहयोगबारे अध्ययन र सञ्जालको सशक्तिकरणलगायतका कार्यहरू सम्पन्न गर्नेछ ।

उक्त सम्झौताले नेपालमा सदाचारको प्रवर्द्धन र सुशासन कायम गर्न सहयोग पुऱ्याउने विश्वास ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल र नर्वेजियन दूतावासले राखेको छ ।

## Press Release

**Norwegian Government to support Transparency International Nepal (TIN) to promote integrity in Nepal**

**January 16, 2010:** An agreement was signed today in Kathmandu between Norwegian Ministry of Foreign Affairs and Transparency International Nepal to support TIN's programs to promote integrity and accountability in Nepal. Minister Counsellor at Norwegian Embassy Ms. Camilla Rossak and TIN's President Mr. Bishnu Bahadur K.C. signed the agreement on behalf of their organizations. Agreement amounts to Norwegian Kroner 1.2 million (Nepalese Rupee 1.45 Crore) and is for a three year period starting 2011.

During the period, Transparency International Nepal will evaluate National Integrity System, reeview government's anti corruption strategy and plans, suggest anti-corruption provisions in the new constitution, lobby for ratification of UNCAC, map anti-corruption agencies, review foreign aid policy, prepare and lobby for implementation of code of conducts, organize anti corruption day events, hold national and international seminars, study fund management at local level and expand its network.

TIN and Norwegian Embassy express hope that the partnership will help promote integrity and governance in Nepal.

... .... .... ... .. ..

आशिष थापा
कार्यकारी निर्देशक